# राप्ती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
(........................................)

फोन नं.: ०८२-४१३०७७
मसुरिया, देउखुरी-दाङ
लुम्बिनी प्रदेश, नेपाल


पत्र संख्याः २०८२।०८४ चलानी नं.:

मितिः-२०८३/०५/०८

## गहुँ बालीको उन्नत विउ माग सम्बन्धी सूचना।

प्रस्तुत विषयमा राप्ती गाउँपालिकाको आ.व. २०८३/०८४ को संघिय वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत **खाद्यान्न बालीको उन्नत विउ (धान गहुँ) उपयोगमा अनुदान कार्यक्रम अन्तर्गत**(५०% अनुदानमा गहुँको उन्नत विउ वितरण) कार्यक्रम रहेकोले राप्ती गाउँपालिका क्षेत्र भित्रका कार्यक्रममा सहभागी हुन इच्छुक कृषक/कृषि फर्म/कृषक समूह/कृषि सहकारीहरुले तपसिल अनुसारका आवश्यक कागजात सहित यो सूचना प्रकाशन भएको मितिले १५ दिन अर्थात मिति २०८३/०५ /२२ गते भित्र सम्बन्धित वडा वा कृषि विकास शाखामा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र श्रीमहल ललितपुरले मिति २०८३/०५/०५ गते प्रकाशन गरेको सूचना बमोजिम गहुँको उन्नत विउ प्रयोगकर्ता कृषकहरुलाई उपलब्ध हुने मूल्य अनुदान कार्यक्रममा समावेश गरिएको गहुँ बालीका जात तथा अनुदान रकम विवरण।

कार्यक्रम संचालन मापदण्ड

| क्र.स. | गहुँ बालीका उन्नत जातहरु | अनुदान सीमा |
|---|---|---|
| १ | विजय, गौतम, बाणगंगा, आदित्य, जिंक गहुँ-१ तथा जिंक गहुँ-२ | खरीद मूल्यको ५०% वा बढीमा प्रति के जी रु ३८।- |

**आवश्यक कागजातहरुः-**

- निवेदन
- नागरिकता प्रमाणपत्रको प्रतिलिपी
- गहुँ बाली लगाउने जग्गाको लालपूर्जाको वा करार सम्झौता प्रतिलिपी तथा वेदर्ता जग्गा भएको भए क्षेत्रफल एकिन सहितको सम्बन्धि वडाको सिफारिस पत्र।
- संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपी
- गहुँ खेती गर्ने सहभागीहरुको नामावली क्षेत्रफल सहित सँस्थाको निर्णयको प्रतिलिपी

**नोटः-** थप जानकारीको लागि कृषि विकास शाखा ९८४७८१५४१६, ९८२४४३९८५२ मा सम्पर्क गर्नुहुन अनुरोध छ।

(लेखा भण्डारी)
नि. प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत